आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.

RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको थोक लघुकर्जा प्रदायक वित्तीय संस्था)
Butwal-10, Rupandehi Phone: 071-438513, 419013
Email: info@rsdcmf.com URL: www.rsdcmf.com

१३औँ वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०८/०८

आदरणीय शेयरधनी महानुभावहरू,

यस लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८३/०८/०६ गते बसेको सञ्चालक समितिको १९३औँ बैठकको निर्णयानुसार निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल गर्नका लागि संस्थाको १३औँ वार्षिक साधारण सभा बोलाईएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम १८ (३) को व्यवस्था अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त सभामा उपस्थितिका लागि सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८३ साल पुस ३ गते शुक्रबार (तदनुसार १८ डिसेम्बर, २०२६) ।

समय : बिहान ९:३० बजे देखि ।

स्थान : वेष्टर्न एसियन होटल प्रा. लि. बुटवल, रूपन्देही ।

छलफलका विषयहरु :

क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०८२/८३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रकम रु.९,७२,०२,०५५।२० (अक्षरेपि नौ करोड बहत्तर लाख दुई हजार पचपन्न रुपैँया र पैसा बीस मात्र) (अर्थात चुक्ता पूँजीको ९.४० प्रतिशत) नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।
४. आर्थिक वर्ष २०८३/८४ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री पि.एल.आर.जि. एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य रहेको) ।

ख) विशेष प्रस्ताव

१. यस वित्तीय संस्था अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठीत मर्जर समिति तथा सो समितिले गरेको कार्य अनुमोदन गर्न, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा डिडिए नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रक्रिया अवलम्बन गरी उपयुक्त संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविध

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८३/०८/१८ गते शेयर दाखिल खारेज बन्द रहनेछ । मिति २०८३/०८/१७ गते सम्ममा शेयर खरीद/बिक्री गरी प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेडमा प्राप्त विवरणहरूको आधारमा कायम शेयरधनीहरूले मात्र वार्षिक साधारण सभामा भाग लिन पाउने छन् ।
२. साधारण सभामा भाग लिनका लागि सूचना साथ प्रेषित प्रवेशपत्र वा शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको प्रमाणपत्र तथा आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रूपमा साथमा लिई आउनु हुन सबै शेयरधनी महानुभावहरूलाई सूचित गरिन्छ । अन्यथा सभा कक्षमा प्रवेश गर्न दिइने छैन ।
३. कुनै कारणवश शेयरधनी महानुभावहरूले प्रवेशपत्र प्राप्त गर्न नसकेमा यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, बुटवलमा साधारण सभा हुने मिति अगावै सम्पर्क राख्नु भई प्रवेशपत्र प्राप्त गर्न सक्नु हुनेछ ।
४. शेयरधनी दर्ता पुस्तिका अनुसार कायम शेयरधनी महानुभावहरूको ठेगानामा वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन पठाइनेछ । कारणवश उक्त सूचना वा प्रतिवेदन प्राप्त नभएमा वित्तीय संस्थाले आफ्नो वेबसाइट (www.rsdcmf.com) वा अन्य सञ्चार माध्यममा प्रकाशित गरेको सूचनालाई आधार मानी साधारण सभामा भाग लिन वा प्रतिनिधि नियुक्ति (प्रोक्सी) गर्न सक्नु हुनेछ ।
५. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले यस वित्तीय संस्थाको सोही समूहका शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ । यसरी प्रतिनिधि नियुक्त गरेको जानकारी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ ।
६. एक जना शेयरधनीबाट एकभन्दा बढी प्रतिनिधि नियुक्त गर्न सकिने छैन । तर एक जना भन्दा बढी प्रतिनिधि नियुक्त भएको देखिएमा सबै भन्दा पहिले दर्ता भएको प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) लाई मान्यता दिइनेछ ।
७. शेयरधनीले प्रतिनिधि नियुक्त गरिसके पछि प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) बदर नगरी आफैं साधारण सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नु भएमा प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।
८. वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रूपमा उल्लेख भएको व्यक्ति मात्र नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।
९. संयुक्त रूपमा शेयर लिने शेयरधनीहरूको हकमा शेयरधनीहरूको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिले प्रतिनिधि नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाउने छन् ।
१०. संगठित संस्था शेयरधनी भएमा उक्त संस्थाद्वारा मनोनित व्यक्तिले ल्याउने गरी प्रतिनिधि पत्र (प्रोक्सी) फाराममा संस्थाको छाप तथा आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ ।
११. शेयरधनी महानुभावहरूको सुविधाका लागि हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा हुने दिन बिहानको ८:३० बजेदेखि साधारण सभा समापन नहुन्जेलसम्म खुला रहनेछ ।
१२. अन्य आवश्यक जानकारीका लागि यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।